**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुरिनटार, चितवन**
**बागमती प्रदेश, नेपाल**

## सिलबन्दी वोलपत्र सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६।१२।३०)**

**(दोस्रोपटक प्रकाशित मिति २०७७०१।२६)**

यस गाउँपालिकालाई आ.व. ०७६।०७७ को लागि आवश्यक औषधि तथा सर्जिकल जन्य सामानहरु वोलपत्रको माध्यम बाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क.मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, विकेता तथा व्यवसायीहरुले,रितपुर्वकको वोलपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website- www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. आ.व. २०७६/०७७ का लागि नविकरण भएको इजाजतपत्रदर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्र, आ.व.०७५।०७६ को करचुक्ता को प्रमाणपत्र पेश गर्नु पर्ने छ ।

२. वोलपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुसारको वोलपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा यस गाउँपालिकाको GLOBAL IME BANK LTD KURINTAR शाखामा रहेको खाता नं **C401010000024** मा जम्मा गरेको वैक भौचर पेश गर्नु पर्ने छ ।

३. वोलपत्र पत्र पेश गर्दा जमानत वापत तपशिलमा उल्लेखित रकम यस गाउँपालिकाको GLOBAL IME BANK LTD , KURINTAR शाखामा रहेको **C401010000021** धरौटी खातामा (जम्मा गर्न पठाउने कार्यालयको नाम-इच्छाकामना गाउँपालिका ,चितवन, कोड नं **35-365-19** लेखि) रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस गाउँपालिकाको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ ।

४. वोलपत्र तपशिलमा उल्लेखित मिति र समयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website- www.bolpatra.gov.np/egp मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

५. Upload भएका वोलपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस गाउँपालिकामा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र खरीदगर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ ।

६. वोलपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ । प्रत्येक आइटमको दररेट नभरी पेश भएको बोलपत्रलाइ मान्यता दिइने छैन ।

७. वोलपत्र दाताले कवोल गरेको वोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा वोलपत्रमा उल्लेख गरिएको मुल्यभन्दा बढी पर्न गएमा वोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुल उपर गरिनेछ ।

८. वोलपत्र स्विकृत हुनु पुर्व खरिद मुल्यांकन समितिले वोलपत्रदाताहरुले पेश गरेको सामानहरुको नमुना माग गरि निरिक्षण एवं परिक्षण गरी मात्र स्विकृत गर्न सक्नेछ । साथै सप्लाई गरिने सम्पूर्ण सामानहरु नमुना वमोजिमको वा स्पेसिफिकेशन वमोजिमको उच्च गुणस्तरको हुनु पर्ने छ। अन्यथा संम्झौता रद्ध गरिनेछ।

९. वोलपत्रमा उल्लेखित सामानहरु आ.व. ०७६।०७७ भित्र पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ। खरीद गरिने सामान घटी वढी हुन सक्नेछ।

१०. कुनै वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षीत रहनेछ।

११. संम्झौता गरी सामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ।

१२. शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाही हुनेछैन । एक फर्म वा सस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट पेश गर्न पाईने छैन ।

१३. बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा ब्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ। त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ।

१४. थप जानकारीको लागि यस गाउँपालिकाको स्वास्थ्य शाखा साथै लेखामा सर्म्पक राख्न सकिनेछ।

१५. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।

| सि. नं | ठे.नं. | विवरण | लागत अनुमान मु.अ.कर बाहेक | जमानत रकम | वोलपत्र दस्तुर | वोलपत्र खरिद , दाखिला गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | NCB/IRM/30/076/077RE | औषधि तथा सर्जिकल जन्य सामान सप्लाई | २२८१८५२।०५१ | ७७३५५ | १००० | २०७७/०२/०४, १२ बजे | २०७७/०२/०४ १३ बजे | |

प्रमुख प्रशासकिय अधिकृत